# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया
५ नं. प्रदेश

**E-Bidding मार्फत सार्वजनिक निर्माण सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७५/११/२० गते)

१) यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्र्तगत विभिन्न स्थानमा तपशिल बमोजिमले सार्वजनिक निर्माण E-Bidding मार्फत गर्नु पर्ने भएकोले निर्माण गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिन (२०७५/१२/१९)को कार्यालय समयभित्र बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ ।

३) सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७५/१२/२०) १२:०० बजेभित्र बोलपत्र फारमसाथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, बोलपत्र दस्तुर वापतको रकमको यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको NIC Asia Bank Limited, भुरिगाउँ, बर्दियामा रहेको राजस्व खाता नं G1CA052388852405 मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम NIC Asia Bank Limited, भुरिगाउँ, बर्दियामा रहेको धरौटी खाता नं. G1CA052388852404 शिर्षक नं 14229 मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी कम्तीमा १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) हरु सहितका कागजातहरु Scanning गरी तोकिएका Format मा बोलपत्रसाथ Upload गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

४) बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्र फारमको Evaluation & Qualification Criteria मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा Upload गर्नुपर्नेछ । उक्त कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्रलाई मान्यता दिईने छैन ।

५) कार्यालयले Hard Copy बोलपत्र उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यस्तो बोलपत्रलाई कार्यालयले स्वीकार गर्नेछैन ।

६) दर्ता हुन आएका बोलपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको (२०७५/१२/२०) २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ साथै विशेष कारणले रकम अपुग हुने भएमा अर्को आ.ब.मा दायित्व सारिनेछ र रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०) बोलपत्र दाताले फर्म दाखिला गर्नु पुर्व स्वयंले फिल्ड अनुगमन गरेको हुनु पर्नेछ ।

११) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र फोन नं. ०८४-४०३१९६ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमानित रकम VAT र कन्टेन्जेन्सी बाहेक | बोलपत्र खरिद अन्तिम मिति | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| MG/W/NCB/TBNP-14/2075-076 | Construction of Black Top Road/ HPC, Banbir to Govindapur Jaibik Marga Tharu homestay sadak . (chainge 0+000 TO 0+600) | 59,97,923.55 | 2075-12-19 | 3,000 | **1,80,000** |
| MG/W/NCB/TBNP-15/2075-076 | Construction of Black Top Road,/HPC , Perhani school to Fulpur Sadak . (chainge 0+000 TO 0+350) | 36,57,120.67 | 2075-12-19 | 3,000 | **1,10,000** |

पित्री भक्त गिरी

नि. प्रमुख प्रशासकीय अधिकृत